म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३४१ सोमबार ८ साउन २०८० ने. सं. ११४३ अनलागा 24 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## अचेत अवस्थामा भेटिएका युवकको मृत्यु

हेटौंडा, ७ साउन/मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नम्बर ६ साप्कोटाटोलमा लडिरहेको अवस्थामा फेला परेका व्यक्तिको मृत्यु भएको छ । सोही वडाको चौघडा बस्ने अन्दाजी २५/३० बर्षीय पूर्णबहादुर परियारको हेटौंडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । परियार शनिबार लडिरहेको अवस्थामा फेला परेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । प्रहरीचौकी चौघडाबाट खटिएको प्रहरीटोलीले उद्धार गरी उपचारको लागि हेटौंडा अस्पताल पठाएकोमा उपचारको क्रममा मृत्यु भएको हो । यस घटना सम्बन्धमा थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

# स्थायी बसोबास माग्दै वनकरिया

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ मकवानपुरमा मात्रै बसोबास गर्ने वनकरिया समुदायले आफ्नो स्थायी बसोबासको लागि सामूहिक जग्गा माग्दै प्रदेशको मन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् । मकवानपुर जिल्ला मनहरी गाउँपालिका-४ ट्वाङ्ग्रामा कबुलियती बनको जग्गामा बस्दै आएका उनीहरुले स्याथी बसोबासको लागि दशकदेखि जग्गाको माग गर्दै आएका छन् ।

उनीहरुले आइतवार बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा वनकरिया महिला विकास संघद्वारा जातिगत स्थायी बसोबासको ब्यबस्था मिलाउन माग गर्दै ज्ञापनपत्र बुझाएका हुन् । भूमि व्यवस्था मन्त्रालयसमेत हेर्ने गरी गाभिएको प्रदेशको कृषि मन्त्रालयका मन्त्री डाक्टर राजेन्द्रमान श्रेष्ठलाइ उनीहरुले सामूहिक रुपमा ज्ञापनपत्र बुझाएका हुन् ।

ज्ञापनपत्र बुझ्दै बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्री श्रेष्ठले बनकरिया समुदायका लागि सम्बोधन गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । मन्त्री श्रेष्ठले आफूले संसदमा हरेक वर्ष चेपाङ, बनकरियाको समस्याको बारेमा बोल्ने बताए । उनले बनकरिया समुदायलाई सबैभन्दा पहिला खानाको व्यवस्था हुन आवश्यक रहेको भन्दै बास, रोजगारीको ब्यवस्थापन र शिक्षाको आबश्यकता रहेको बताए । मन्त्री श्रेष्ठले वनकरियाको समस्याको विषयमा प्रधानमन्त्री, सरकार सम्बन्धित मन्त्री र पार्टीभित्र र प्रदेशका कृषि तथा पशुपन्छी विकास



मन्त्रालयले के गर्न सकिन्छ सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

मनहरी गाउँपालिका-४ का वडाअध्यक्ष प्रकाश थापाले प्रदेश सरकाले बनकरिया समुदायलाई उकास्ने खालका कार्यक्रम गर्न मन्त्री श्रेष्ठलाई अनुरोध गरेका थिए । वनकरिया समुदायले एकदशकदेखि नै सामूहिक पूर्जाको माग गर्दा संघ र प्रदेशको मन्त्रालयमा ज्ञापनपत्र बुझाउँदै आएको वनकरिया समुदायकी अगुवा संतोषी वनकरियाले बताइन् । 'हामीले कुनै पनि मन्त्रीलाई ज्ञापनपत्र बुझाउन बाँकी राखेका छैनौं तर, हाम्रो सुनुवाई भएकै छैन' सन्तोषीले भनिन् । हाल बसेको कबुलियती वनको जग्गाको संझौताअनुसार त्यो स्थान छाड्नु पर्ने समय नजिकींदै छ । आफूहरुलाई पीडा हुँदै आएको उनले बताइन् ।

वनकरिया जाति मकवानपुरको मनहरी-४ मुसेधापमा मात्र बस्ने गदर्छन् । ट्वाङग्रा खहरेको किनारमा रहेको वस्तीमा करिब २ दशक अघि छाप्रो बनाएर बस्न थालेका हुन् । हाल बनकरिया समुदायको २२ घरधुरीमा ८९ जनाको संख्यामा रहेको छ ।

बिगतका दिनमा उनीहरुको सबैभन्दा बढी रुचाउँने खाना जंगलको रातो कमिला भुटेर बनाइएको अचार हो । वनकरिया समुदाय वनदेवता माथि विश्वास गर्छन् । वनमा कुरिलो र खरेटो खोजेर गाउँमा ल्याएर बेच्छन् । सरकारद्वारा २०५५ सालमा घोषित ६१ जातिमा वनकरिया पनि पर्छन् ।

गाउँको मान्छेले दिएको पुरानो कपडा लाउँने भात दशैमा मात्र खान पाउँने बसिरहेको ठाउँमा मान्छे मरेमा अर्को स्थानमा सर्ने खरेटोसँग आँटोपीठो साट्ने तेल कहिलेकाँकी मात्र खाने बाँसको ढुंग्रोमा पकाएर खाने गरेको उनीहरुले सुनाए । दुई दशक अघिसम्म चुरे जंगलमै बसेर जंगलमा कन्दमुल खोजेर, खोलामा माछा मारेर र बन्यजन्तुको शिकार गरेर जीविका चलाउने वनकरियाको जीवनशैली हिजोआज फेरिएको छ । वनबाट वस्तीमा घर बनाएर बस्न थालेका वनकरिया हरेक क्षेत्रमा अघि बढ्दै गइरहेका छन् । उनीहरु खेतीपाती पनि गरिरहेका छन् । उनीहरुलाई खेतीपाती गरेर ६ महिनालाई खान पुगेको र बाँकी ज्याला मजदुरी गरेर जीवन चलाउँदै आइरहेको उनीहरु बताउँछन् ।

वनकरियाहरु शिक्षाको क्षेत्रमा पनि बिस्तारै अघि बढिरहेका छन् । अहिलेसम्म ६ जना महिला र एकजना पुरुष बनकरियाले एसएलसी/एसईई उत्तीर्ण गरेका छन् । तिमध्ये एक हुन सन्तोषी वनकारिया, उनी अहिले जेटिए कोर्ष सकाएर आफ्नै पेसा व्यवसायमा लागेकी छिन् । वनमा जन्मेर वनको कन्दमुल खाएर हुर्केकी सन्तोषीको लागि शिक्षा हाँसिल गर्न र यहाँसम्म आइपुग्न निकै कठिन भएको थियो । उनी कयौं दिन भोकभोकै स्कुल गएको दुखद् दिनहरु सम्झदै भावुक हुन्छिन । उनले आफूले सिकेका र जानेका कुरा आफूमा मात्र सीमित नराखेर अरुलाई बाँढ्ने गरेकी छन् । जेटिए जागिर छोडेर अहिले उनले गाउँका वनकरिया बालबालिकालाई विहान र वेलुका पढाउने गरेकी छन् ।

वस्ती माझमा रहेको सामुदायिक भवनमा राखेर उनीहरुलाई पढाउने गरेकी हुन् । शिशु कक्षादेखि ८ कक्षासम्मका ३५ जनालाई उनले पढाउँदै आएकी छन् । वनकरिया बालबालिकालाई पढाए वापत आदिवासी राष्ट्रिय जनजाति महिला मंचले केही पारिश्रमिक दिने गरेको छ । बालबालिकालाई कापीकलम र शैक्षिक सामग्री सहयोगीदाताले दिने गरेका छन् । बस्तीमा सरकारले वनकरिया समुदायलाई विकास गर्नका लागि प्रतिव्यक्ति मासिक ४ हजार रुपैयाँ सामाजिक सुरक्षा भत्ता दिने गरेको छ । भत्ताले उनीहरुको जीवनमा सुधार आएको छ ।

## रानी र चुच्चेखोला वन अवलोकन

हेटौंडा, ७ साउन/ सामुदायिक वन समूहले गरेका गतिविधिको जानकारी लिन आएको समूहले यहाँको २ वटा सामुदायिक वनको अवलोकन गरेका छन् ।

मकवानपुरगढी-५ मा रहेको बुङदल सामुदायिक वनका पदाधिकारीले हेटौडा-६ मा रहेको रानी सामुदायिक वन र चुच्चेखोला सामुदायिक वनको शनिवार अवलोकन गरेका हुन् । अवलोकनमा आएका सामुदायिक वनका पदाधिकारीहरुलाई रानी सामुदायिक वनका उपाध्यक्ष केशव धिताल र कार्यालय सचिव भीमसेन पौडेलले समूहले गरेका विभिन्न कार्यको बारेमा जानकारी गराएका थिए । समूहले गरेका वन सदुपयोग, ब्यवस्थापन, कार्यालय ब्यवस्थापन, पर्यापर्यटन, सामाजिक कार्य, आयआर्जन, वृक्षरोपणलगायत विषयमा जानकारी गराएका थिए ।

सहभागीहरुले समूहद्वारा निर्मित वीपी गणेशमान पार्कको स्थलगत अवलोकन गरेका थिए । समूहले चुच्चेखोला सामुदायिक वनद्वारा सञ्चालित काष्ठमिल र सालक पार्कको अवलोकन गरेको छ । सो अवसरमा समूहका उपाध्यक्ष उमेश अधिकारी, सदस्य केदार पुडासैनी र कार्यालय सचिव केदारप्रसाद गौतमले समूहले गरेका विभिन्न गतिविधिको बारेमा जानकारी गराएका थिए ।

बुङदल सामुदायिक वनका अध्यक्ष चन्द्रप्रसाद दुलालको नेतृत्वमा आएको टोलीमा कार्यसमितिका पदाधिकारी र सल्लाहकारको सहभागिता थियो । सर्वमान्य गणेशमान सिह वन संरक्षण प्रथम पुरस्कार प्राप्त गर्न सफल भएको रानी सामुदायिक वनले चालु आव. ०७९/८० को बागमती प्रदेशस्तरीय उत्कृष्ट सामुदायिक वन पुरस्कार प्राप्त गरेको समूहकी सचिव नानीमायाँ रुम्बाले बताइन् । पुरस्कारको राशी १ लाख रुपैयाँ रहेको थियो ।

## हेटौंडाका श्रेष्ठलाई लाइफ टाइम अवार्ड

हेटौंडा, ७ साउन/ हेटौंडाको रिलायन्स इङ्गलिस सेकेण्डरी बोर्डिङ स्कुलका संस्थापक प्राचार्य तथा प्याब्सन बागमती प्रदेशका अध्यक्ष केशवलाल श्रेष्ठ 'लाइफ टाइम अचिभमेण्ट अवार्ड'द्वारा सम्मानित भएका छन् ।

एक्जिटो एजुकेशन अष्ट्रेलियाद्वारा सिंगापुर र मलेसियामा आयोजित 'एक्जिटो इण्टरनेशनल एक्सिलेन्स अवार्ड-२०२३' अन्तर्गत श्रेष्ठ लाइफ टाइम अचिभमेण्ट अवार्डद्वारा सम्मानित भएका हुन् । अन्तर्राष्ट्रिय पुरस्कार वितरण कार्यक्रम लिंकन विश्वविद्यालयका कुलपति प्रोफेसर डाक्टर एचजेएच विबी लोरिना अब्दुल्लाहको प्रमुख आतिथ्यता र मलेसियाका राजदुत डाक्टर मोहम्मद युसुफ ए बकारको विशेष आतिथ्यता रहेको थियो ।

एक्जिटोले सर्वेक्षण गरेका नेपालका ५०० भन्दा बढी मोण्टेश्वरी, विद्यालय एवं कलेज मध्येबाट शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएका विद्यालय तथा कलेजका संस्थापक, सञ्चालक एवं प्राचार्यलाई १२ वटा विधामा पुरस्कार तथा सम्मान प्रदान गरिएको थियो । कार्यक्रममा एक्जिटो एजुकेशन अष्ट्रेलियाका निर्देशक सचेत वीदीजन, कार्यक्रम संयोजक तथा अनुजा मेडियाकी अध्यक्ष अनुजा आचार्यले मन्तव्य व्यक्त गरेका थिए ।









साझाकुरा

## हाम्रो कुरा

# समाज नबुझ्ने शिक्षा, शिक्षा नबुझ्ने सरकार

विद्यालयमा पढाई हुने पाठ्यक्रम स्थानीय ज्ञान, सीप, भाषा, समाजका असल कुराहरु सिंगो समाज बुझ्ने खालको हुनु पर्दछ । देशभर पढाईने एउटै पाठ्यक्रम हुँदा शिक्षा सिकाइ पाठ्यक्रम केन्द्रित मात्रै हुन पुग्यो । पाठ्यक्रममा जेजे लिखित छ, त्यो मात्रै सिक्नुपर्छ भन्ने कुरा विद्यार्थीको मानसपटलमा विकास भएको छ । पाठ्यपुस्तकमा भएका कुर मात्रै पाढाए पुग्छ भन्ने मान्यता शिक्षकमा छ । त्यसकारण विद्यार्थीले धेरै कुराहरु आफ्नो समाजसँग, जीवन र जगतसँग जोड्नै सकेनन् । समाजको बदलिँदो स्वरुपमा देशको शिक्षाको प्रारुप बदलिँदै जानुपर्ने थियो । तर, हाम्रो देशको शिक्षा नीति, पाठ्यक्रम तथा समग्र शिक्षाको प्रारुप अझै पनि पुरानै खालको छ । समाज बदलियो, राज्य संरचना बदलियो, प्रविधिको युग सुरु भयो तर, हाम्रो शिक्षाको प्रारुप परिवर्तन हुन सकेन । संसारमा प्रबिधिले यति धेरै फड्को मारिसकेको छ तर, हाम्रो विद्यालयमा मोवाइल बोकेर गएका विद्यार्थीले सजाय पाएका छन् । सूचनाप्रबिधिमैत्री बनाउने कि ईन्टरनेट कनेक्टिभिटीमै प्रतिबन्ध लगाउने त ?

अहिले विश्वव्यापीकरणले गर्दा ससाना बालबालिका पनि विश्वमा के भैरहेको छ ? भन्ने कुरा हातहातमा भएका कम्प्युटर, ल्यापटप, मोवाइलबाट घरमै बसेर थाहा पाउन सक्छन् । तर, हाम्रो शिक्षाको नीति र अभ्यास भने त्यसअनुरुप अघि बढ्न सकेको छैन । हामीसँग पुरानै किसिमको पाठ्यक्रम, केन्द्रीकृत पाठ्यक्रम र पाठ्यपुस्तकहरु छन् । अहिलेको पुस्ता पुरै स्क्रिनमैत्री बन्दै गएको छ । तर, हामी तिनै बालबालिकालाई प्रबिधिमैत्री बन्नबाट प्रतिबन्ध लगाइरहेका छौं । कतै हामीले ति बालबालिकामाथि अन्याय पो गरिरहेका छैनौं ? यो प्रश्नमा बहस गर्नु जरुरी छ । समयको माग अनुसार हामी चल्नै सकेनौं । अहिले केही पालिकाले स्थानीय पाठ्यक्रम निर्माण गर्न त थालेका छन् । तर, त्यो पनि प्रबिधिमैत्री छँदैछैन । हाम्रो विद्यालय तहको पाठ्यक्रम नै ठीक छैन । एउटा पाठ्यक्रमले देशैभरको विद्यार्थीको आवश्यकतालाई सम्बोधन गर्छ भन्ने सोच बिलकुल गलत हो । विद्यालयमा बालबालिकाले केही सिकेको, ज्ञान लिएको जस्तो त देखिन्छ । तर, प्रयोगको सन्दर्भमा भने उदासिन छ । विद्यालयशिक्षाको उद्देश्य भनेको बालबालिकाले आफ्नो वरिपरिका वातावरण बुझ्न सक्ने, समाज बुझ्न सक्ने खालको हुनुपर्छ । हाम्रो शिक्षाले त्यसको केही अंशमा मात्रै काम गरेको छ । जुन पर्याप्त छैन । हाम्रा विद्यालयमा पढ्ने बालबालिकाले वरिपरिको समाज बुझ्न सकेनन् । यो भनेको आफूले पाएको शिक्षाले समाज बुझ्न, समाजलाई विश्लेषण गर्न र समाज रुपान्तरण गर्ने अभियानमा लगाउन नसक्नु हो । राज्यले विद्यालयशिक्षाको उद्देश्य के हो ? भन्ने कुरा अझै पनि सुनिश्चित गर्न सकेको छैन । यस्तो अवस्थामा हाम्रो शिक्षा कसरी गुणस्तरीय वा प्रभावकारी हुन सक्ला ? हाम्रो शिक्षाको स्तर उकास्न वा विश्व बजारमा प्रतिस्पर्धामा उत्रन सक्ने बनाउन सरकार, शिक्षा मन्त्रालय, पालिका, विश्वविद्यालय सबै संयुक्त योजनाका साथ अघि बढ्नुपर्छ । यतिबेला तीन तहका सरकारहरु सबै आआफ्ना डम्फू बजाउनमै ब्यस्त छन् । उदाहरणका लागि काठमाडौं महानगरले महानगरभित्रका सबै सामुदायिक विद्यालयका ब्यवस्थापन समिति खारेज गरी वडाअध्यक्षलाई विद्यालय ब्यवस्थापनको जिम्मा दिने निर्णय होस् वा मनहरी गाउँपालिकाले शिक्षाको गुणस्तर सुधार गर्ने बहानामा शिक्षा ऐनमा ब्यवस्था नभएको प्रधानाध्यापक सरुवा गर्ने घोषणा । स्थानीय सरकारका यस्ता गतिबिधिले सामुदायिक विद्यालयको शिक्षामा सुधार आउने भन्दा पनि ब्यथिति बढ्ने मात्र हो भन्ने कुराको हेक्का हुन सकेन ।

स्थानीय सरकारले शिक्षकको मनोबल बढाउने भन्दा पनि कर्मकाण्डी अभियानमा रमाउन खोज्दा झनै ठूलो समस्या आउन सक्छ । शिक्षकले राम्रो काम गरेको छैन भन्न मिल्दैन । राजनीतिक प्रभावका कारण मेहनत गर्ने शिक्षक पनि हतोत्साहित भएका घटना हाम्रासामु प्रसस्तै छन् । दिनरात खटेर काम गर्ने शिक्षक र राजनीतिक दलको झोला बोक्ने शिक्षकबीच स्थानीय सरकारले फरक दृष्ट्रिकोणले हेर्न सकेको छैन । बरु सुबिधासम्पन्न विद्यालयमा सरुवा, बढुवा वा सेवा सुबिधा तिनै पार्टीका कार्यकर्ता बनेका शिक्षकले बढी अवसर पाएका छन् । काम गर्ने शिक्षकलाई प्रोत्साहन र नगर्नेलाई दण्डको व्यवस्था नहुँदा शिक्षामा सुधार हुन सकिरहेको छैन । धेरै शिक्षकमा यो पेसा मर्यादित हुन नसकेकोमा चिन्ता छ । अधिकांश शिक्षकमा काम गरेर देखाउनु पर्छ भन्ने मनसाय छ । यसरी काम गर्नेलाई प्रोत्साहन नगरिँदा उनीहरु पनि पार्टीका कार्यकर्ता जस्तै हुन बाध्य छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन ९ गते मंगलबार २५ जुलाई २०२३ । सप्तमी, अधिक श्रावण शुक्लपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:२४, सूर्यास्त ६:५६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : यात्रामा कष्ट मिल्नेछ | तुला | : आत्म-विश्वास बढ्नेछ |
| वृष | : त्रासमय दिन हुनेछ | वृश्चिक | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| मिथुन | : खानपिन राम्रो हुनेछ | धनु | : पारिवारिक जमघट हुनेछ |
| कर्कट | : शरीरमा बाधा पुग्न सक्नेछ | मकर | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| सिंह | : मन पर्ने उपहार पाइने योग छ | कुम्भ | : कामबाट फुर्सद मिल्नेछ |
| कन्या | : प्रतिष्ठित काम गर्ने मौका छ | मीन | : सहयोगीको राम्रो साथ पाइनेछ |

# सार्वजनिक यातायात सुधारका लागि गर्नुपर्ने जरुरी कार्यहरु



✍ सरोजकुमार खनाल

### भूमिका

मानिस वा मालसामान एक स्थानबाट अर्को स्थानसम्म पुर्‍याउने काम यातायातको साधनले गर्दछ । हाम्रो देशको भौगौलिक हिसाबले सडक यातायात नै निर्विकल्प माध्यम हो । हवाई यातायात अत्यन्तै महंगो र रेल यातायातको विकास तथा विस्तार नहुँदासम्म मोटरगाडी नै हाम्रो देशको निर्विकल्प साधन हो । समग्रमा यातायातको विकास विना देशको विकास हुंदैन । आजका दिनमा देशको सभ्यता, भव्यता र विकासलाई त्यस देशमा उपलब्ध सार्वजनिक यातायातको गुणस्तरसँग दाँजेर हेरिन्छ । यसर्थ हामीले देशको गौरव बढाउनका लागि गुणस्तरीय सार्वजनिक यातायात सेवा दिनुपर्छ, यसका लागि सर्वप्रथमत: राज्यले विशेष जोड दिन जरुरी छ ।

हाम्रो देशमा यातायात क्षेत्रलाई राज्यस्तरमा ठूलो महत्व दिइएको छैन । यातायात क्षेत्रको केही आंकडा हेर्दा नेपालभित्र बनेका राष्ट्रिय राजमार्गदेखि ग्रामीण धुले सडकसम्मको हिसाव गर्दा करिव १ लाख ७ हजार किलोमिटर सडक बनेका छन् । ती सडकमा गुड्ने सबै प्रकारको सवारीको संख्या ४० लाखभन्दा बढी स्वदेशी सवारी छन् र ती सवारीमा नेपाली जनता र वित्तीय संस्थाको लगानी रहेको छ । सार्वजनिक सवारी, मालवाहक ढुवानीका साधन र पेट्रोलियम ढुवानीका साधनमा चालक सहचालकका रुपमा कार्यरत यातायात मजदुरको संख्या ७ लाखको हाराहारीमा रहेको छ, धेरै चुलो यसैले बलेको छ । 'यातायात क्षेत्र' लाखौं जनतालाई रोजगारी प्रदान गर्ने रोजगारदाता, कूल गार्हस्थ्य उत्पादन (जीडीपी) मा करिव १९ प्रतिशतको योगदान पुर्‍याउने करदाता र अरबौंको स्वदेशी पूँजी लगानी भएको राष्ट्रिय पुँजीको परिचालक जस्ता गाम्भिर्यता बोकेको क्षेत्र सार्वजनिक यातायात भएपनि राज्यको महत्वपूर्ण विषय बन्न सकेको छैन ।

नेपालमा सार्वजनिक यातायात निजी क्षेत्रले नै धान्दै आएको छ । धुलाम्मे, हिलाम्मे, खाल्डे जे जस्तो सडक भएपनि देशको कुनाकन्दरासम्म मोटर गाडी निजी क्षेत्रले नै पुर्‍याएको बिषयमा दुइमत छैन । खासगरी यात्रुवाहक सवारी व्यवस्थापनका विषयमा केही सीमित ठाउँमा रहेको विकृतिविसंगतीलाई लिएर पुरै यातायात क्षेत्र यस्तै हो भन्ने गरी सिन्डिकेटधारी उपनाम दिई दमनको उद्देश्य राखी नेपाल सरकारले २०७४ साल चैत १८ गते संशोधित यातायात निर्देशिका जारी गर्‍यो । यातायात क्षेत्रमा समर्पित संघसंस्था समितिलाई मास्ने काम गरियो । तर, उक्त निर्देशिकामार्फत् नेपाल सरकारले चाहेको वा कल्पना गरेको यातायात कस्तो हो ? निर्देशिका जारी भएको ५ बर्ष पुग्दा पनि हामी यातायात व्यवसायीले कुनै अनुभूति गर्न सकेका छैनौं । तथापी आमउपभोक्ताले ऐतिहासिकढंगले परिवर्तित स्वरुपमा सर्वशुलभ तथा गुणस्तरीय सेवासुविधा पाएका भएपनि केही हदसम्म सन्तोष गर्न सकिन्थ्यो होला । त्यसो पनि हुन नसकेकोले सम्बन्धित निकायले गम्भिरतापूर्वक समीक्षा गर्न जरुरी छ ।

यातायात सेवामूलक पेशा हो, कुनैपनि पेशामा लगानीको उचित प्रतिफल हुँदैन भने त्यो पेशाले गुणस्तरीय कायम गर्न सक्दैन । यायात क्षेत्रमा लगानी र प्रतिफल मात्र होइन यो पेशाले वहन गर्नुपर्ने असीमित जोखिमलाई गम्भिर तापूर्वक आंकलन गर्नुपर्दछ । कुनै एउटा बस वा ट्रकमा हालको अवस्थामा ५० लाखदेखि १ करोडसम्मको लगानी लाग्छ भने पेशाकै क्रममा कुनै एउटा बस ठूलो दुर्घटनामा पर्‍यो भने व्यवसायीले बस बेचेर नपुग रकमका लागि घर खेत बेच्दा पनि दायित्वबाट मुक्त हुन नसक्ने अवस्था छ । यो उच्चजोखिमलाई हिजोको दिनमा संस्था दर्ता ऐन, २०३४ अन्तर्गत खुलेका संघसंस्था समितिले गर्दै आएका थिए र आजका दिनमा जेनतेन कम्पनीका रुपमा खुलेका रुपान्तरित कम्पनीबाट निरन्तरता दिएको अवस्था छ । तर, ती कम्पनीहरु पनि खासगरी सवारी दुर्घटना पश्चातको जोखिम वहनमा भएको खर्च तथा भुक्तानीलाई लिएर कानूनी हिसावले अत्यन्तै चिन्तित अवस्थाबाट गुज्रिरहेका छन् । कुनै व्यक्ति ५० लाखसम्म लगानी गरेर यातायात व्यवसायी बन्न सक्छ, यातायात पेशा नै गर्न कुनै संघ संस्था समिति कम्पनी खोजी हिड्नु पर्ने होइन तर, कुनै पनि व्यवसायी किन ती संघ संस्था समिति कम्पनीमा आवद्ध भएर मात्र पेशा गर्न चाहन्छन् त ? यसको सही विश्लेषण नगर्ने हो भने समाधान आउने सम्भावना कम हुनेछ ।

विद्यमान कम्पनी ऐन भित्रैबाट यातायात क्षेत्रको बृहत्तर व्यवस्थापन हुन सक्दैन भन्ने हाम्रो ठम्याई रहेको हुँदा नेपालको सार्वजनिक यातायात र ढुवानी यातायातलाई कसरी संचालन गर्ने भन्ने विधि तथा पद्धतिका विषयमा छुट्टै ऐन नियम बनोस्, अधिकार सम्पन्न प्राधिकरण बनोस् भन्ने हाम्रो माग रहेको छ । केही नीतिगत निर्णयबाट यातायात क्षेत्रमा तत्काल सुधार गर्न सकिने सुझावहरु संक्षेपमा राख्न चाहन्छु ।

### (क) सवारी कर/राजश्व

सवारी साधनबाट विभिन्न शीर्षकमा सरकारले पटकपटक कर/राजश्व लिने परिपाटीलाई परिवर्तन गरी सबै कर वर्षको एकैपटक एकमुष्टमा बुझाउने नीति हुनुपर्दछ । अर्थात ब्लुबुक नवीकरण, रोडपरमिट, जाचपास र आयकरको म्याद एकैपटकमा १ बर्षका लागि बुझाउने व्यवस्था हुनुपर्दछ । ब्लुबुक, परमिट र जांचपासको नवीकरण म्याद समाप्त हुनुभन्दा ३० दिनअघि नै नवीकरण गर्नुपर्ने मितिबाट लागुहुने गरी नवीकरण गर्न पाउने सरल व्यवस्था हुन जरुरी छ । जसले गर्दा व्यवसायीले अनावश्यक रुपमा जरिवाना तिर्नुपर्ने अवस्थामा सुधार हुनेछ । त्यसैगरी हाल आएर प्रदेश/प्रदेशबीच कतै ४ महिनामा कतै ६ महिनामा परमिट/जांचपास नवीकरण गर्नुपरेको छ, नेपालभरी समान हुनुपर्दछ । मालवाहक सवारीधनीले ढुवानी भाडामा २.५ प्रतिसत टिडिएस कर कट्टा गरी बाँकी रकम भाडावापत बुझ्दै आएको हुँदा राज्यका नाममा कट्टा भएको टिडिएस रकम सरकारी कोषमा जम्मा हुन्छ भन्ने विश्वसनीय र पारदर्शी व्यवस्था होस् ।

### (ख) सडक दुर्घटना तथा दायित्व, बीमा र कानून

हाम्रो सडकको बनावट एवं दुरावस्था, भौगोलिक अवस्थिति, चालकको काबुवाहिरको परिस्थिति एवं चालकको हेलचेक्र्याईंका कारण सवारी दुर्घटना हुने गर्दछ । हाम्रो देश सडक दुर्घटना बढी हुने देशमध्येमा पर्दछ । सडक दुर्घटनाका कारण अकालमा असंख्य जनधनको क्षणभरमै क्षती भईरहेको छ । क्षणभरमा कसैको घर उजाड भइरहेको छ । दुर्घटना न्यूनीकरणका लागि सबै उपायहरु अवलम्बन गर्नुपर्छ, तथापी हामीले गर्ने सावधानी र खवरदारीले दुर्घटना न्यूनीकरण गराउन सकिन्छ तर, शुण्य हुन सक्दैन । दुर्घटना पश्चात यातायात व्यवसायीले घाइते तथा अंगभंगको सम्पूर्ण खर्च व्यहोर्नुपर्छ, मिलापत्रमा केही राहत रकम नदिई मिलापत्र हुन सक्दैन भने मृतकका परिवारमा पनि बीमावाहेक थप र कम नदिई छुटकारा पाउन सकिन्न ।

सवारी दुर्घटनामा परी ज्यान गुमाउनेको परिवारले मोटर बीमाबाट क्षतीपूर्ती वापत ५ लाख पाउने र घाइतेको उपचारखर्च जेजति भएपनि अधिकतम रु. ३ लाख बीमाले व्यहोर्ने नीति बनेको आज १५ बर्ष भयो । १५ वर्ष अघिको र आजको मितिको ५ लाखको मूल्यमा कति अन्तर छ ? यसमा तत्काल राज्यको सम्बोधन हुनु जरुरी छ । आगामी दिनमा हरेक २ बर्षमा क्षतिपूर्ति रकम पुनरावलोकन गर्ने नीतिगत व्यवस्था हुनुपर्दछ । घाइतेको उपचार खर्चको पनि पुनरावलोकन हुन सकेको छैन । सवारी दुर्घटनाको उपचार खर्च अत्यन्तै महंगो छ । यातायात व्यवसायीले गम्भिर घाइतेको उपचार खर्च ५० लाख भन्दा बढी व्यहोर्नु परेको अवस्था हाम्रो सामु छ, बीमाबाट आउने रु.३ लाखले त्यो व्यवसायीलाई कति राहत देला ? सवारी दुर्घटनामा घाइते, मृत्यु जस्ता मानवीय क्षति वाहेक पनि सवारी, घरटहरा लगायत भौतिक क्षति हुने गर्दछ । सवारीधनीले त्यो तेस्रोपक्ष भौतिक क्षतिको पनि दात्वि बोक्नु नै पर्छ । यस्तो परिवेशमा यो पेशा कसरी अघि बढिरहेको छ ? भन्ने अध्ययन गर्ने हो भने एनकेन/जसोतसो रुपमा यातायात व्यवसायीबाटै शुल्क उठाई संघ, संस्था, समिति, कम्पनीले संचालन गर्दै आएको बास्केट फण्डले यो जोखीमलाई धानेको छ । नेपाल सरकारले सवारी दुर्घटना पश्चात उत्पन्न हुने सम्पूर्ण जोखिम वहन गर्ने खालको बीमा पोलिसी तत्काल बनाउनु पर्दछ वा यो संभावना छैन भने बास्केट फण्ड संचालन गर्न पाउने नीतिगत स्पष्ट व्यवस्था हुनुपर्दछ ।

### (ख) सवारी दुर्घटनाको अंगभंग घाइते र कानून

सवारी दुर्घटनाको अंगभंग घाइते तर्फको उपचार, क्षतिपूर्ति र कानुनी व्यवस्था कहालीलाग्दो छ । औषधि उपचारसम्बन्धी बेथिती त छँदैछ स्पाइनल कड, पूर्ण अपाङ्गतर्फको क्षतिपूर्ति रकम अत्यन्तै कम छ । स्पाइनल कडको बिरामी पूर्णरुपमा प्यारालाइसिस हुन्छ । मुख, कान र आंखा वाहेक कुनै अंगले काम गर्दैन । सोचौं यस्तो अवस्थाको बिरामीको स्याहार कति कठिन होला ? क्षतिपूर्तिवापत पाउने रु. ५ लाखले के हुन सक्छ ? कम्तिमा बाचुन्जेल स्याहार सुसार र औषधिउपचार हुनसक्ने खालको क्षतिपूर्ति रकम व्यवस्था वा वैकल्पिक उपायको खोजी गर्नु जरुरी छ । राज्यले पूर्णरुपमा अंगभंग वा प्यारालाइसिस भएको व्यक्तिको परिवारबाट कम्तिमा १ जनालाई रोजगारी दिने व्यवस्था गर्ने हो भने पनि वैकल्पिक उपाय बन्न सक्छ । सजायतर्फ हेर्ने हो भने पनि अंगभंग हुनासाथ चालकलाई कम्तिमा ३ बर्ष जेल सजाय हुने व्यवस्था पनि अत्यन्तै डरलाग्दो अवस्था हो । घाइते अंगभंगतर्फ चालकलाई हुने सजाय अझ कठोर रहेको छ । अंगभंगका विभिन्न स्टेज छन् । सामान्य, आंशिक आधा, पूर्णलगायतमा वर्गिकरण गर्न सकिन्छ । तर, घाइतेको उपचारको क्रममा अंगभंग हुनासाथ त्यो दुर्घटनालाई चालकको गल्ती तथा लापरवाहीको कारणले भएको दुर्घटनाको रुपमा अगाडि बढाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२ (१) "दुर्घटनाको कारणबाट अंगभंग भएमा त्यस्तो कार्य बदनीयत साथ गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई ३ बर्षदेखि १० बर्षसम्म कैद" बमोजिम संजाय हुँदा अधिकांश अंगभंग सम्बन्धी सजाय निर्मम भएकाले संशोधन हुनुपर्दछ । गम्भिर लापर्वाहीमा कसुरको प्रकृति हेरी जन्मकैदसम्मको सजाय हुने व्यवस्था छँदैछ त्यसैले आकस्मिक रुपमा हुन गएको दुर्घटनामा चालकले पूर्ण सफाई पाउने व्यवस्था हुनुपर्दछ ।

### (ग) दुर्घटनाको जटिलता र कानूनको पालना

दुर्घटनामा संलग्न सवारीको दोष र गल्तीअनुसार कारवाही हुनुपर्नेमा सानो सवारी र ठूलो सवारी, अझ भन्नैपर्दा रोकी राखेको ट्रक/बसमा मोटरसाइकल आएर ठोक्किंदा पनि ट्रक/बसलाई क्षतिपूर्ति तिर्न लगाइन्छ, अर्थात कानूनको परिपालना भएको छैन । सडक अतिक्रमण गर्ने र छाडा चौपाया छोड्नेहरुप्रति पनि प्रशासन कठोर हुन जरुरी छ । दुर्घटनाका घाइते वा मृतकका आफन्तसँग कानूनअनुसार तपाईहरुले पाउने "क्षतिपूर्ति यो वा यति हो" भनेर प्रहरी प्रशासनले नभनी दिने, तपाईंहरु मिलेर आउनुहोस् भन्ने भनाईले कहिलेबाट कानूनी राज होला । क्षतिपूर्ति रकम अपुग होला त्यो अलग्गै विषय हो र कानुनको पालना गर्ने गराउने विषय अलग्गै हो ।

सवारी दुर्घटना हुने प्रमुख कारणहरु (क) चालकको लापरवाही (ख) चालकको गलत/खराव नियत (ग) भवितव्य (घ) काबुवाहिरको परिस्थिति (ङ) यान्त्रिक गढबडी (च) बाटोको दुरावस्था तथा बाटो प्रयोगकर्ताको गल्ती लगायत कारण भए पनि हरेक दुर्घटनामा चालकवाहेक अन्य पक्षको गल्तिलाई कम आंकलन गरिन्छ ।

सवारी दुर्घटनामा मान्छेको मृत्यु भएमा चालकलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ अनुरुप हुने मुख्य सजायहरु (१) नियत बस दुर्घटना भई मानिस मृत्यु भएमा जन्मकैद र मानिस नमरेकोमा ५ बर्ष देखि १२ बर्षसम्म कैद (२) लापरवाहीबाट मानिसको मृत्यु भएमा ३ बर्षदेखि १० बर्षसम्म कैद (३) दुर्घटना भई मान्छेको मृत्यु भएमा १ बर्ष कैद लगायत र जरिवानाको प्रावधान छ । दुर्घटनाका कारण अनेक हुन्छन् तर, सबै दुर्घटनामा चालकको लापरवाही देखाउने र कारवाहीका नाममा चालकलाई जेल पठाउने, चालकसँग ठूलो रकम धरौटी माग गर्ने जस्ता अव्यवहारिक प्राक्टिसको अन्त्य हुनुपर्दछ । यस सन्दर्भमा चालक प्रतिनिधि सहित उच्चस्तरीय छानवीन समिति गठन गर्ने सहमति भएकोमा कार्यान्वयन नभएको हुँदा सोको शीघ्र कार्यान्वयन होस् ।

### (ङ) पञ्जीकरण

संशोधित यातायात निर्देशिका, २०७४ चैतमा जारी भएपश्चात सबै सार्वजनिक यातायातका साधन र ढुवानी यातायातका साधनले पञ्जीकरण गर्नुपरेको छ । पञ्जीकरणले व्यवसायीलाई थप झन्झट दिने वाहेक अन्य कुनै उपादेयता देखिएको छैन । सवारीसाधन नेपालमा भित्रिएदेखि हरेक खरिद बिक्री र अन्तमा लगत कट्टासम्मको लगत रेकर्ड (स्रेस्ता) यातायात व्यवस्था विभागमा नै रहने, सोही स्रेस्तामा सम्बन्धित सवारीको सम्पूर्ण विवरण कायम रहने हुंदा सवारी साधनको अभिलेखकै दृष्टिकोणबाट हेर्दा पञ्जीकरण आवश्यक नदेखिएकोले खारेजी हुनुपर्दछ । सवारीसाधन नेपाल भित्रिएपश्चात यातायात व्यवस्था विभागमा दर्ता गरी सवारी दर्ता किताव (ब्लुबुक) जारी हुने हुँदा सोही सवारीको यातायात व्यवस्था विभागमा पूनः पञ्जिकरण गर्ने प्रावधानलाई हटाईयोस्/खारेजी होस् ।

### (च) सवारी नम्बरमा प्रदेशीकरण

यातायातका सवारी दर्ता (स्रेस्ता) प्रदेशमा रहने र प्रदेश अनुसारको नम्बरिङ सुरु भएको पनि ६/७ बर्ष भईसक्यो । तर, आज पनि ठूलो संख्यामा सबै खाले सवारीको नम्बर अञ्चलकै आधारमा छ । अञ्चलीकरण अन्तर्गत रहेका सवारी नम्बरहरु किन प्रदेशीकरण हुन सकेन त ? कागजी झैझमेला, अनावश्यक खर्चको बोझ र सम्बन्धित निकायको उदासिनताका कारणले गर्दा नै सवारी नम्बरहरु प्रदेशीकरण हुन नसकेको हो । देशमा ७ वटा प्रदेश सरकार आएको पनि लामो समय भईसक्यो तर, बाटामा गुड्ने अधिकांश सवारी साधनको नम्बर भने पुरानो राज्यव्यवस्थाको अञ्चलीकरण मै रहनु कति सान्दर्भिक होला ? त्यसकारण अञ्चलीकरणका रुपमा रहेका सवारीसाधनको सम्बन्धित सवारी धनीले आफ्नो सवारीसाधनको सम्पूर्ण कागजात अध्यावधिक गराई सक्कलै पेश गरी सवारी साधन सहित सवारीधनी उपस्थित भएको खण्डमा आवश्यक सेस्ता खडा गरी प्रदेशीकरण बमोजिमको सवारी नम्बर प्रदान गर्ने र सम्बन्धित अंचल नम्बर स्रेस्ता रहेको यातायात कार्यालयलाई लगत कट्टाको लागि जानकारी पठाउने सरल व्यवस्था हुन जरुरी छ ।

### (छ) चालक/सहचालक उत्पादनका लागि तालिम केन्द्र र लाईसेन्सको बर्गिकरण

चालक सहचालक बन्नका लागि आवश्यक पर्ने सबैखाले ज्ञान हासिल हुनेखालको प्राविधिक तालिम सहित नेपाल सरकारले सिटिईभिटी जस्ता निकायमार्फत् प्रमाणपत्र दिनुपर्छ । दक्ष जनशक्ति उत्पादन गर्ने दिशामा होस् वा हालको एसईईबाट निश्चित जिपिए प्राप्त गरी ११ कक्षा पढ्न नपाउने अवस्थामा यो शिक्षालय आकर्षक हुनेछ । सोही प्रमाणपत्रका आधारमा सहचालकले सोझै सहचालक हुनपाउने र चालकले लाइसेन्सका लागि आवेदन दिन पाउने व्यवस्था हुनुपर्छ । सवारीचालक अनुमतिपत्र (लाइसेन्स) लाई साधारण लाइसेन्स र व्यवसायी लाइसेन्स गरी २ प्रकारको हुनुपर्छ । सार्वजनिक यातायात तथा ढुवानी यातायातको सवारीसाधन चलाउनका लागि व्यवसायी लाइसेन्सलाई मात्र मान्यता दिनुपर्छ, व्यवसायी लाइसेन्सका लागि आवेदन दिन सम्बन्धित प्राविधिक शिक्षालयको प्रमाणपत्र अनिवार्य गर्नुपर्दछ । प्राविधिक शिक्षालयबाट शिक्षा हासिल गरेका चालक/सहचालकबाट अनुशासितढंगले ट्राफिक नियमको पालना गर्नेछन् भन्ने मान्यतामा दुर्घटना न्युनीकरणमा ठूलो योगदान पुग्नेछ । सवारीचालक अनुमतिपत्र ५/५ बर्षमा नवीकरण गर्नुभन्दा यसको समयावधि १०/१० बर्ष गरिनु उपयुक्त हुनेछ जसले गर्दा तत्कालै राजश्वबृद्धि हुनेछ भने कार्यालयको समय पनि वचत हुनेछ ।

### (ज) विद्युतीय सवारी

हाम्रो देश जलस्रोतको धनी देश, जलविद्युतबाट देशको अर्थतन्त्रमा आमुल परिवर्तन गर्न सकिन्छ । विद्युतीय सवारीको उत्पादन, मर्मत र दक्ष प्राविधिकको निर्माणमा राज्यका अंगहरु क्रियाशील हुनुपर्दछ । लहडका भरमा विद्युतीय सवारी संचालन गर्ने भन्ने नारा बनाउनुभन्दा पनि काठमाडौं उपत्यका भित्र विद्युतीय सवारीमात्र के कसरी संचालन गर्न सकिन्छ ? गहन अध्ययन पश्चात सोही अनुसारका विद्युतीय सवारी, चार्जीङ स्टेसन, विद्युतीय सवारी मर्मत केन्द्र र साविकका सवारीलाई बिस्थापन गर्ने नीति बन्नु पर्छ, नीति आउनुपर्छ । २० बर्षे सार्वजनिक सवारीलाई प्राबिधिक जाँच सम्भव भएसम्म बिधुतिय सवारीमा रुपान्तरण गर्न अनुमति दिनुपर्छ जसले गर्दा सवारी खरिदमा लाग्ने वैदेशिक मुद्रामा कटौती हुनगई संचिति बढ्नेछ ।

### (झ) बसपार्क तथा हाइवे भेहिकल पार्क

यातायात व्यवस्थापनका निम्ति व्यवस्थित बसपार्क अनिवार्य रहेकोछ । हरेक पालिकाले नजिकको सहरदेखि काठमाडौंलगायत ठुला सहरसम्म सवारी संचालनका लागि उपयुक्त स्थानमा बसपार्क स्थापना गर्नुपर्दछ । बसपार्कका लागि आवश्यक जग्गा र न्यूनतम रुपमा खानेपी र सौचालय भएको भौतिक संरचनाको विकास सम्बन्धित पालिकाले गरी सोको संचालन तथा व्यवस्थापन पनि पालिकाले नै गर्नुपर्दछ । राजमार्गमा चल्ने खासगरी मालवाहक सवारीहरु पार्किङ गरी चालक सहचालकले बिश्राम लिने, रिफ्रेस हुने र सवारीको सामान्य मर्मतसम्म हुने गरी हाइवेको हरेक ५० किलोमिटरको दुरीमा हाइवे भेहिकलपार्कको स्थापना हुनुपर्दछ ।

काठमाडौं केन्द्रीय राजधानी सहर जहाँ दैनिक २००० लामो दुरीका मालवाहक सवारीहरु भित्रिन्छन् र ती सवारीहरु भन्नासाथ अनलोड हुन सक्दैन र बाध्यतावस चक्रपथ वरीपरी पार्क गर्नुपर्ने अवस्था छ, जसले काठमाडौंको शुन्दरता र ट्राफिक व्यवस्थापनमा चुनौती दिईरहेको हुँदा बसपार्क जस्तै ट्रकपार्कको पनि व्यवस्था हुनु जरुरी छ र गोंगबु बसपार्क मात्र पनि यात्रुवाहक सवारी साधनका निम्ति पर्याप्त नभएकाले बीपी राजमार्ग र फास्ट ट्रयाकलाई मध्यनजर गरी अर्को बसपार्क बन्नुपर्ने देखिन्छ ।

### (ञ) तौलपुलको अनिवार्यता

राष्ट्रिय राजमार्ग र प्रादेशिक राजमार्गमा ओभरलोड बोकेका सवारीसाधनलाई विद्युतीय गेटहरु निर्माण गरी प्रवेशद्वारबाट नै तौल अनुसार प्रवेश गर्न दिने र कम्तिमा १०० देखि १५० किलोमिटरको दुरीमा तौलपुलको व्यवस्था गर्न सकियो भने सडकको अवस्थामा सुधार आउनेछ । सडक पुलपुलेसाको संरक्षण हुनेछ । यसले दुर्घटनालाई समेत न्यूनीकरण गर्नेछ । तौल क्षमताभन्दा बढी सामान चेकजांचस्थलमा अनलोड गराई सुरक्षित राख्न गोदामघर बनाई व्यवस्थापन गर्न सकिन्छ । यसका लागि "मालवाहक सवारीको भारवहन नियमन सम्बन्धी कार्यविधि, २०७४" लाई परि चालन गर्न जरुरी छ । यातायात व्यवस्था विभागले देशभित्र प्रमुख १६ स्थानमा यस किसिमको तौलपुल राख्ने निर्णय गरेकोमा ती तौलपुललाई पूर्णक्षमतामा संचालन गर्न कडा निर्देशन जारी गर्न जरुरी देखिन्छ ।

### (ट) सार्वजनिक सवारीमा २० बर्षे नीति

नेपाल सरकारले सार्वजनिक सवारीहरुको २० बर्ष आयु अर्थात २० बर्ष अवधि पुगेका सार्वजनिक सवारी संचालन हुन नपाउने जुन नीति बनेको छ, यसमा पूनर्विचार हुन जरुरी छ । ती सवारी साधनहरु हाम्रो देशमा नबन्ने र विदेशबाट आयात गर्नुपर्ने भएकाले प्राविधिक चेकजांचबाट संचालन गर्न उपयुक्त देखिएका सवारीलाई अनुमती थप गर्दा बैदेशिक मुद्रा विदेशिन कम हुने थियो र वैदेशिक मुद्रा संचितिमा सहयोग पुग्ने थियो । चालु अवस्थाको सवारी साधनलाई कवाडीमा बदल्नु भनेको अन्ततागत्वा राज्यकै सम्पती नाश हुने हो, त्यसकारणले पनि यसको वैकल्पिक प्रयोगमा ध्यानदिनु उपयुक्त हुन्छ ।

बाँकी पृष्ठ-३....

अन्तरवार्ता

# वर्षौंदेखि गर्न नसकेको सडक विस्तार अब कसरी सम्भव छ ?

हेटौंडा, ७ साउन/हेटौंडा उपमहानगरपालिकाको मुख्य बजारक्षेत्रको राजमार्ग विस्तारको चर्चा यतिबेला घरघरमा, चोकचौतारीमा चलिरहेको छ । बागमती प्रदेशको राजधानी हेटौंडा भइसकेपछि सडक विस्तारको माग तीव्र रुपमा अघि बढिरहेको सन्दर्भमा १० असार २०८० मा संघीय सरकार मातहतको सडक डिभिजन कार्यालय हेटौंडाले जारी गरेको सूचनले हेटौंडा गर्माएको छ । सम्भवत: सडक विस्तार सम्बन्धी सूचना हरेकवर्ष प्रकाशित भइरहेको हो । तर, हालसम्म सडक विस्तार हुन सकेको छैन । २० वर्ष भन्दा बढी समयदेखि चर्चामा आएको सडक बिस्तारको विषय पुन: सतहमा आएको हो । सडक डिभिजन कार्यालय हेटौंडाको बजार क्षेत्रको सडक विस्तार गर्ने सूचनाको म्याद सकिने मिति पनि नजिकिँदै जाँदा सडक विस्तार हुन्छ वा हुँदैन ? भन्ने कुतुहलता धेरैलाई देखिएको छ ।

हाल निरन्तर सडक विस्तार हुने क्षेत्रका घरधनी र व्यवसायीहरु शक्तिकेन्द्रमा धाउनेदेखि, जनप्रतिनिधिसमक्ष अनुरोध गर्ने र सर्वोच्च अदालतमा मुद्दा हाल्नेसम्मको तयारीमा जुटेको पाइएको छ । हेटौंडा उपमहानगरपालिकाको नगरसभाबाट समेत सडक विस्तार गर्ने सर्वसम्मत निर्णय भएपछि घरधनी र व्यवसायीहरु अतालिएको अनुमान लगाउन सकिन्छ । यता, घरधनीहरु मुआब्जाको माग र व्यवसायीहरु क्षतिपूर्तिको दाबी गरेर निरन्तर राजनीतिक दल, जनप्रतिनिधि र सडक डिभिजन धाउन व्यस्त छन् । हाल प्रभावित क्षेत्रका व्यवसायीहरु आन्दोलन गरिरहेका छन् भने हेटौंडा उपमहानगरपालिकाले आफ्नो संरचना हटाएर सडक विस्तार सुरुवातको सांकेतिक सूचना दिइरहेको छ । उपमहानगरपालिकाले सडक बिस्तारमा सहजता प्रदान गर्न गतबुधवार रातीदेखि मेनरोड र राप्तीरोड क्षेत्रमा सडक पेटीमा राखिएको गमलासहितको फूल र सडक छेउमा बनाइएको फलामका संरचना धमाधम हटाइरहेको छ । यसैसन्दर्भमा सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख राजेशकुमार यादवसँग सडक विस्तारको तयारी, विगतका प्रयास र आगामी परिदृश्यका विषयमा कुराकानी गरिएको छ । प्रस्तुत छ, ***साझाकुरा राष्ट्रिय दैनिक***की संवाददाता ***निशा गुरुङ्***ले सडक ***डिभिजन प्रमुख यादव***सँग गरेको कुराकानीको संपादित अंश:



**राजेशकुमार यादव**, डिभिजन प्रमुख

**१) सडक विस्तारसम्बन्धी सूचना त निस्कियो, कसरी अगाडि बढ्ने तयारी हुँदैछ ?**

हामी सूचनाअनुसार नै अगाडि बढ्ने हो । पहिलो प्रक्रिया भनेको अतिक्रमित क्षेत्रको संरचना हटाउन सार्वजनिक सूचना जारी गर्ने भएकाले १० असारमा सूचना प्रकाशित गरिसकेका छौं । ३५ दिने सूचना म्याद दिएका छौं । अहिले बजार क्षेत्रको संरचनाहरु हटाउने कामहरु भइरहेका छन् । हामीले थप सुसूचित गराउन माईकिङ गर्ने र अन्य कामहरु पनि भइरहेका छन् । तयारी कानुनी प्रक्रियाअनुसार अगाडि बढाउँछौं ।

**२) सडक विस्तार २० वर्ष भन्दा बढी समयदेखिको चर्चा र समस्याको विषय हो, अब विस्तार हुन्छ भन्ने ग्यारेन्टी के छ ?**

यो ग्यारेन्टी भन्दा पनि सूचनामा कानुन अनुसार उल्लेख गरेर हामीले अगाडि बढेको अवस्था छ । सडक विस्तारका सन्दर्भमा हामीलाई नगरपालिका, सर्वदलीय छलफलबाट, प्रदेश सरकारबाट र संघीय सरकारबाट साथ प्राप्त भएको छ । विगतमा अगाडिको केही मुद्दाहरुले गर्दा अदालती प्रक्रियाबाट अल्झेको थियो । तर, अहिले सर्वोच्च अदालतबाट पनि आदेश आइसकेको हुँदा हेटौंडा उपमहानगरपालिकाभित्र सडक बिस्तार रोकिँदैन । कानुनअनुसार नै सडक विस्तार अगाडि बढ्छ भन्नेमा म विश्वास दिलाउन चाहन्छु ।

**३) सडक विस्तार २५ मिटर की २५ गज ?, ४ की ६ लेनको सडक बन्छ ?**

मुख्य ४ लेन र सर्भिस लेनसहित ६ लेनको सडक बन्ने हो । बजार क्षेत्रमा र हामीले २५ गजको कुरा चाहिँ अदालती निर्णय अनुसार नै बिस्तार गर्छौं । सर्वोच्च अदालतबाट नै २५ गजसम्म विस्तार गर्न आदेश जारी भएको थियो । २५ गज बाहिरको जग्गा नापजाँच गरेर २५ मिटरको सडक बिस्तार हुन्छ ।

**४) सडक विस्तारको टेण्डर एसियाली विकास बैंक, विश्व बैंक वा संघीय सरकार कस्को हो ?**

यो एसयाली विकास बैंक अन्तर्गत पथलैयादेखि भरतपुरसम्म सडक विस्तार हुनेछ । यो क्षेत्रमा पनि बफरजोन (निकुञ्ज क्षेत्र) र हेटौंडा बजारले गर्दा टेन्डर आह्वान हुन पाको छैन । त्यसले गर्दा यो हेटौंडा बजार क्लियर हुने बित्तिकै टेण्डर प्रक्रिया अगाडि बढ्छ ।

**५) विगत हेर्दा विवादको आंकलन गर्न सकिन्छ ? आन्दोलन चर्कियो भने ?**

एउटा कुरा के हो भने, पहिला अदालतको फैसला आएको थिएन । अहिले अदालतको फैसला छ । अदालतको फैसला आईसकेपछि दुईवटै पक्षाले स्वीकार्नुपर्छ र स्वीकारेको अवस्था पनि छ । र सोही अनुसार अदालतको प्रक्रिया अनुसार हामी अगाडि बढ्नुपर्छ र अहिले मुठभेढ तथा विवादको अवस्था छैन । त्यस्तो समस्या आउनेवाला छैन ।

**६) घरधनीले मुआब्जा माग गरिरहेका छन्, मुआब्जा नदिई घर भत्काउन पाइन्छ ?**

सर्वोच्चको फैसलाले २५ गजभित्र मुआब्जा दिनुपर्दैन भनेको छ । सडक ऐनलाई टेकेर नै २५ गजभित्र हामीले भत्काउने हो ? २५ गज भन्दा बढीको विषयमा भत्काउँदा राज्यले एउटा निर्णय गर्ला नी । हामीले भत्काउने भनेको २५ गज हो । २५ गज भत्किन्छ, हामी भत्काउँछौं ।

# सार्वजनिक यातायात....

२० बर्ष पार भएका सार्वजनिक सवारी साधनलाई विद्युतीय सवारीमा रुपान्तरण गरिएमा संचालनको अनुमति दिने नीति बनाइनु पर्दछ, जसले गर्दा विद्युतीय सवारीको खपत र संख्या पनि बढ्न जानेछ भने तत्काल २० बर्षे नीतिकै कारण सवारीसाधन कवाडीमा बेच्नुपर्ने वा पलायन हुनुपर्ने बाध्यताको पनि उपचार हुने देखिन्छ ।

**(ठ) यातायात निर्देशनालय वा प्राधिकरण बनाउनु पर्ने**

प्रदेशस्तरीय कार्यालयहरुको व्यवस्थापन गर्दा माथिल्लो निकाय संघीय मन्त्रालय भएको हुँदा प्रदेशका सबै कार्यालयले मन्त्रालयसम्म पहुँच राख्न नसक्ने भएकोले संघीय मन्त्रालय अर्थात यातायात व्यवस्था विभागले तल्लो कार्यालयको कुरा नसुन्ने अवस्था छ ।

तल्लो कार्यालय सेवाग्राहीसँग प्रत्यक्ष संलग्न हुनुपर्दा यातायात व्यवसायीको समस्याको जानकार हुने भएतापनि नीति निर्माता यातायात व्यवस्था विभाग कुरा नसुन्ने वा कुनै विषयको रिपोर्टिङ भएपनि सकेसम्म पन्छिने, सहि निर्णय नदिने, वस्तुगत अध्ययन नगर्ने, आफ्नो अधिकार क्षेत्रभित्र नपर्ने भन्दै आलटाल गर्ने जस्ता व्यवहार भोग्दै आएकोले प्रदेश अन्तर्गत यातायात निर्देशनालय स्थापना गर्न सकियो भने सेवाग्राही व्यवसायीले सेवा कार्यालयमा राखेका अनुरोधको सुनुवाई हुने वातावरण बन्न जान्छ भन्ने हेतुले अर्धन्यायिक निकायको रुपमा यातायात निर्देशनालय वा प्राधिकरण बनोस् भन्ने हाम्रो चाहना रहेको छ ।

यसो हुन सकेमा व्यवसायी तथा मजदुर वर्गलाई दुर्घटना वा अन्य कुनै सवारी साधनबाट हुने क्षतीको यथार्थता बुझ्न सजिलो र निर्णय कार्यान्वयनमा सहज हुन जानेछ । चालक, सहचालक, यात्री, पैदलयात्रीबाट हुने गल्तीको सन्दर्भमा सत्यतथ्य बुझेर निर्णय गर्दा पीडितले न्याय पाउने अवस्था बन्छ । यातायात निर्देशनालयलाई प्रभावकारी बनाउन विषयगत स्पष्टताका लागि कानून शाखा, मुद्दा शाखा, स्वास्थ्य शाखा, प्राविधिक शाखा, सडक दुर्घटना न्यूनीकरण शाखा जस्ता शाखाहरु बनाइनु पर्दछ ।

**(ड) भारतीय सवारीको निर्वाध प्रवेश एवम् दुई देशीय असमान व्यवहार**

हाम्रो देश विकाससील राष्ट्र, भूपरिवेष्ठित एवम् देशको उत्तर ी नाका मित्रराष्ट्र चीनसँग जोडिएको र बाँकी सम्पूर्ण नाकाहरु भारतसँग जोडीएको, उत्तरी नाकातर्फ भौगोलिक कठिनाईले गर्दा अत्यन्तै न्यून रुपमा पहुँचमार्ग रहेको, देशको ८० प्रतिशत आयात भारतबाट हुँदै आएकोमा भारतीय मालबाहकसवारी खुलेआम नेपाल प्रवेश हुनुले नेपाली मालवाहक सवारीहरु बेकामे भएका छन् । भारतीय सवारी र सोही प्रकृतिको नेपाली सवारीका बीचमा लगानीमा ठूलो अन्तर रहेकोले भारतीय सवारीसँग नेपाली सवारीले प्रतिष्पर्धा गर्न सक्दैनन् भने नेपाल भित्रिने अधिकांश वैदेशिक सामग्री भारतबाट आउने भएकोले नेपाली सवारीले भारतमा गएर लोड गर्नसक्ने सामर्थ्य छैन, किनभने नेपाली सवारी भारतमा जान (सीमानाको सहरवाहेक) भारतीय राजदुतावासमा निवेदन दिएर अनुमति प्राप्त गर्नुपर्छ तर, भारतीय सवारी नेपाल प्रवेश गर्न भन्सारमा सामान्य रसिद काटेर ७२ घण्टासम्म नेपालभित्र रहन पाउँछ ।

यसले के भएको छ भने भारतकै सामान भारतकै सवारीले नेपालको कुना कन्दरासम्म बिना रोकतोक सहजै ढुवानी गरिरहेको छ । प्रतिष्पर्धाको हिसावले नेपाली सवारीले प्रतिष्पर्धा गर्न सक्ने सम्भावना नै छैन, त्यसमा पनि नेपाली सवारी भारतभित्र छिर्न राजदुतावासबाट अनुमति प्राप्त गर्नुपर्ने तर, भारतीयसवारी खुलेआम नेपाल छिर्न पाउने जस्तो अत्यन्तै असमान अवस्थालाई टुलटुलु हेरेर बस्ने निरिहताले नेपाली यातायात व्यवसायी पीडित छन्, देशदेशबीच समान हैसियत, समान अवसर र आत्मसम्मान जस्ता सन्दर्भबाट यस विषयमा सम्बन्धित निकायको ध्यानपुगोस् ।

**(ढ) अव्यवहारिक ट्राफिक जरिवाना नीति**

खासगरी केन्द्रीय राजधानी लगायत ठूला सहरमा "नो पार्क"मा गाडी रोकेको भनि गरिने ट्राफिक जरिवाना अत्यन्तै अव्यवहारिक छ । काठमाडौं सहरको मुटुभित्र छिर्न पनि २७ किमिको चक्रपथ छ, त्यो २७ किमिको चक्रपथ र चक्रपथ भित्रका बाटाहरुमा मालवाहक लोड सवारी रोक्न पाउने कुनै ठाउँछैन, काठमाडौभित्र दैनिक २,००० लोड मालवाहक सवारी भित्रिन्छन्, ती सवारीले गन्तव्य स्थानमा सामान अनलोड गर्नका निम्ति सामानधनीसँग कुरा गर्नै पर्‍यो, सामान बुझ्ने मान्छेलाई बोलाउनु पर्‍यो, सामान अनलोड गर्न कताबाट जाने भनि सवारी रोकेर सोधपुछ गर्नै पर्‍यो, यी त सामान्य अवस्था हुन् । यसका लागि सवारी रोक्ने ठाउँ त कहीं तोकेको छैन, सवारी बाटोमा खुल्ला ठाउँ हेरेर रोक्नुको अर्को विकल्प छैन । तर, यो बाध्यता भनौं वा विवशता भनौं गाडी रोकेर साइड लगाउन पाएको छैन ट्राफिक प्रहरीबाट जरिवानाको पूर्जि थमाइन्छ । मालवाहक सवारीचालकको बाध्यता र समस्या ट्राफिकले बुझ्नुहुन्न । जरिवाना काटेर युद्ध जितेको जस्तो व्यवहार गर्नुहुन्छ । त्यसैले, सम्बन्धित निकायले जनताको ढाड सेकेर कर र जरिवाना उठाउनमा मात्र उद्दत हुने हो कि ? जनताले दैनिक रुपमा झेल्नु परेको समस्या र बाध्यता पनि बुझ्ने हो ? सम्बन्धित निकायको ध्यान जाओस् ।

**(ण) यातायात मजदुरलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनुपर्ने**

खासगरी विभिन्न क्षेत्रमा रहेका श्रमिक तथा मजदुरको हितमा केन्द्रीत रही नेपाल सरकारले सामाजिक सुरक्षा कोषको अवधारणा ल्याएको भएतापनि यातायात क्षेत्रका यातायात मजदुर (चालक, सहचालक) यातायात व्यवसाय चलायमान भएका कारणले सामाजिक सुरक्षाकोषमा आवद्ध हुन सकेका छैनन् । यातायात मजदुरको हित र सुरक्षालाई ध्यानमा राखी आफू सम्बद्ध सवारीसाधन पञ्चिकरण भएकै कम्पनीमार्फत सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचिकृत हुन पाउने सरलीकृत व्यवस्था मिलाउन जरुरी छ ।

**(ण) यातायात क्षेत्रका संघ संस्था, समितिको दर्ता नवीकरण खुला गर्नुपर्ने**

नेपाल सरकारबाट २०७४ चैत्रमा जारी गरेको संशोधित यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० पश्चात उत्पन्न जटिल परिस्थितिकै सिलसिलामा २०७५/०१/०४ गते मन्त्रिपरिषदको बैठकबाट यातायात क्षेत्रसँग सम्बन्धित संघसंस्थाको दर्ता तथा नवीकरण नगर्ने निर्णय भयो । केही सीमित क्षेत्रमा रहेको संघ समितिको विकृति विसंगतिलाई लिएर यातायात क्षेत्रको समग्र विकास र यातायातको व्यवस्थापनमा समर्पित रहेका सबै संघसंस्थामा निर्मम प्रहार गरी दर्ता तथा नवीकरण नगर्ने निर्णयले यातायात क्षेत्रमा संकुचन आएको छ । समग्र यातायात क्षेत्र संकटग्रस्त छ । खासगरी सवारी दुर्घटनापश्चात उत्पन्न हुने घाइते तथा अंगभंगको उपचारको व्यवस्था कसरी गर्ने भन्नेमा आजसम्म कुनै निर्क्योल भएको छैन ।

कम्पनी ऐन अन्तर्गत गएर यसको समाधान नहुने हुँदा परिमार्जन सहित यातायात क्षेत्रका संघ संस्थालाई दर्ता तथा नवीकरण गर्ने निर्णय गरी जानु उपयुक्त हुनेछ । हिजोका दिनमा पनि संघसंस्थाको सामाजिक योगदान रहेकै छ र भोलिका दिनमा पनि सामाजिक क्षेत्रमा परिचालन गराउन सकिन्छ ।

**(ण) ढुवानीमा लगाइएको ५ प्रतिसत मू.अ.कर खारेज हुनुपर्ने**

आर्थिक विधेयक, २०८० ले मू.अ.करमा दर्ता भई कारोबार गर्नुपर्ने ढुवानी सेवाले, मु.अ.करमा दर्ता नभएको कारण दाखिला गर्नुपर्ने मु.अ.कर दाखिला नगरेको भए मु.अ.कर अवधिको कारोबार र कमको ५ प्रतिसत रकम २०८० पुसमसान्तभित्रमा दाखिला गरेमा कर, थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुने भनि व्यवस्था आएको छ ।

आर्थिक विधेयक, २०७६ मा पनि ढुवानीमा मु.अ.कर लगाइएको थियो, व्यवसायीको अनुरोध तथा पहलकदमीमा उक्त प्रावधान २०७७/०३/३१ गतेबाट खारेज गरियो । हालको आएको व्यवस्थाले आ.व.२०७६/७७ मा मु.अ.करमा दर्ता नभई ढुवानी गरेका ढुवानीकर्ताले उक्त वर्षको कारोबारको ५ प्रतिसत मु.अ.कर बुझाउनुपर्ने भएको छ । जुन निम्न कारणले अन्यायपूर्ण भएकोले खारेज हुनुपर्दछ ।

१) उक्त कारोबारमा मु.अ.कर रकम नउठाइएको
२) मु.अ.करमा दर्ता हुनेले १.५ र मु.अ.करमा दर्ता नहुनेले २.५ प्रतिसत टिडिएस रकम कट्टा गरी ढुवानी भाडा बुझेको
३) मु.अ.करमा दर्ता हुनेले मु.अ.कर थप गरी भाडा बुझेको र मु.अ.करमा दर्ता नभएकाले मु.अ.कर थप नगरी भाडा बुझेको
४) व्यवसाय मु.अ.करमा दर्ता नरहेको नभएको

**(ण) यातायातका साधनमा सहुलियत ब्याजदरमा लगानी हुनुपर्ने**

भाडाका यातायातका सवारी साधनले दिनुपर्ने सेवालाई गुणस्तरीत तथा जिम्मेवार बनाउन यातायातमा हुने लगानीलाई मैत्रीपूर्ण बनाईयोस् । नीतिगत निर्णय गरी ती सवारी साधनमा सहुलियत ब्याजदरमा कर्जा प्रवाह हुने व्यवस्था बनोस् ।

**अन्त्यमा,**

यातायात (यात्रुवाहक तथा मालवाहक) को क्षेत्रमा सुधारका निम्ति यी वाहेक पनि अन्य विविधखालका समस्याहरु रहेका छन् । विषयगत समस्या समाधानका निम्ति सम्बन्धित विषयमा मात्र सरोकार राख्नेपक्षबीचबाट दुरगामी सोच राखी निर्णय हुन जरुरी देखिन्छ भने यातायातमा सरकारी पक्षबाट पनि लगानी गर्ने हो भने सरकारी र निजी लगानीमा संचालित यातायात र सेवालाई स्पष्ट बनाउन एवम् समग्रमा देशको यातायात नीति कस्तो बनाउने भन्ने विषयमा सरोकारवाला सबै पक्षबीचमा घनिभुत छलफल हुन जरुरी देखिन्छ ।

*(लेखक: नेपाल गणतान्त्रिक यातायात व्यवसायी संगठनका केन्द्रीय महासचिव तथा नारायणी यातायात व्यवसायी संघका महासचिव हुन्)*

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति २०८०/०४/०५ मा जारी भएको नामसारीको

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला मकवानपुर, साविक बसामाडी गाविस वडा नंवर ८ को कि.नं. १८९ क्षेत्रफल ज.रो.१२-५-२-१ को जग्गाधनी आफ्नो दाजु राम प्रसाद बास्तोलाको मिति २०५५१०/०३ मा अविवाहित अवस्थामै मृत्यू भएको, जग्गाधनीको बाबु/आमा बलराम बास्तोला र राधिका बास्तोलाको पनि मिति २०३२/०६/१५ र २०३२/१२/१८ मा मृत्यू भएको, जग्गाधनी दाजुको पालनपोषण र काजक्रिया मैलेनै गरेकोले उल्लेखित जग्गा मध्ये दाजु राम प्रसाद बास्तोलाको हकहिस्सा जति मेरो नाममा एकलौटी नामसारी गराईपाउँ भनी हेटौंडा १ नंवर वडा कार्यालयको च.नं. २३५४ मिति २०८०/०३/२७ को सिफारिस, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित, मृत्यू दर्ता प्रमाणपत्र समेत संलग्न गरी कार्यालयमा द.नं. २३४४६ मिति २०८०/३/२८ मागादावी निवेदन पेश गर्नु भएको वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनीको अविवाहित अवस्थामै मृत्यू भएको, जग्गाधनीको बाबु/आमाको समेत मृत्यू भइसकेको देखिन आएकोले जग्गाधनीको अन्य हकदारहरु, पालनपोषण/सदगद, काजकृया तथा जग्गाको हकभोगको सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकाशित भएको पत्रिका प्राप्त भई म्याद भुक्तान भए पछी पेश गर्नू भनि भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनीको अन्य कोहि हकदारहरु पनि भए वा जग्गाधनीको पालनपोषण र सदगद अरुलेनै गरेको भए वा जग्गामा अन्य कोहि कसैको हकभोग भए वा उल्लेखित जग्गा निवेदकको नाममा नामसारी गर्दा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुनु/गर्नु नहुने कुनै कारण भए यो सूचना प्रकाशित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।
ईति संवत २०८० साल श्रावण महिनाको ०५ गते रोज ०६ शुभम् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !
सर्वोत्कृष्ट नतिजा सहित विभिन्न बोर्डहरुको परीक्षामा नेपाल प्रथम हुन सफल यस मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा भर्ना खुल्यो ।
कक्षा ११ मा अध्यापन हुने विषयहरु:
➡ Science
➡ Management
➡ Education
➡ Humanities





हाम्रा विशेषताहरु:
दक्ष विषय विज्ञहरुद्वारा अध्यापन गराइने ।
सुविधा सम्पन्न कक्षा कोठाहरुमा Multimedia तथा Projector को माध्यमबाट पठनपाठन गराइने ।
सम्पूर्ण पूर्वाधारहरुले सम्पन्न ।
वार्षिक परीक्षाहरुमा देशमै उत्कृष्ट नतिजा हासिल गर्न सफल ।
आधुनिक विषयगत ल्यावहरु, शैक्षिक सामग्री ल्यावहरुको व्यवस्था भएको ।
Admission Open in Class-XI
सम्पर्क:
मकवानपुर बहुमुखी क्याम्पस
हेटौंडा-२, मकवानपुर
फोन नं.: ०५७-५२०६२०
https://mmchetauda.edu.np/

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मा शैक्षिक सत्र २०८०/०८१ को लागि कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।
अध्यापन हुने विषय/समूहहरू
◈ विज्ञान (कम्प्यूटर विज्ञान सहित),
◈ कानून,
◈ वाणिज्य (कम्प्यूटर विज्ञान सहित)
◈ शिक्षा (ऐ. अङ्ग्रेजी, ऐ. गणित, ऐ. नेपाली, ऐ. स्वास्थ्य र शारीरिक शिक्षा सहित)
धमाधम नयाँ भर्ना लिइँदैछ । सीट सिमित भएकोले समयमै भर्ना भई आफ्नो सीट सुरक्षित राख्न सम्बन्धित अभिभावक तथा विद्यार्थी वर्गमा सूचित गरिन्छ ।
साथै (CTEVT अन्तर्गत) वनविज्ञान ३ वर्षे डिप्लोमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले यही श्रावण ११ गतेभित्र आवेदन फाराम बुझाईसक्न जानकारी गराईन्छ ।
कक्षा ११ को कक्षा सञ्चालन यही श्रावण १० गते बिहान ६:०० बजेबाट हुनेछ ।
प्रधानाध्यापक
सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२, मकवानपुर
सम्पर्क नम्बरहरु: ०५७-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

साझाकुरा
साझाकुरा पत्रिका खोजी खोजी पढौं ।

अनुशासनमा कडाई, गुणस्तरीय पढाई
हेटौंडा क्याम्पस
हेटौंडा -४, मकवानपुर, नेपाल
यस शैक्षिक सत्रका लागि कक्षा ११ मा निम्न सङ्काय तथा विषयहरुमा बिहानी तथा दिवा दुबै समूहमा
भर्ना खुल्यो !
नेपाली र अङ्ग्रेजी दुबै माध्यममा अध्यापन हुने
शिक्षाशास्त्र सङ्कायतर्फ: गणित शिक्षा, नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य शिक्षा, वातावरणीय शिक्षा, बालविकास र सिकाई (CDL)
मानविकी सङ्कायतर्फ: गणित शिक्षा, नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य शिक्षा, ग्रामिण विकास, समाजशास्त्र
व्यवस्थापन सङ्कायतर्फ: गणित, कम्प्युटर विज्ञान, व्यवसायिक अध्ययन, व्यवसायिक गणित, लेखाविधि, अर्थशास्त्र
साथै यसै वर्षदेखि कक्षा ११ मा न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षासहित Hotel Management विषयमा पनि अध्यापनको लागि भर्ना खुलेको हुँदा आफ्नो सिट समयमै सुनिश्चित गर्नुहोस ।
भर्ना फाराम धमाधम वितरण भैरहेको छ ।
०५७-५२०९७४, ५२६७३७, ९८५५०६७४४२, ९८५५०७०६३१, ९८५५०७१६९०
विस्तृत जानकारीका लागि

भर्ना खुल्यो ! भर्ना खुल्यो !
3 YEARS H.A.
LAB TECHNICIAN
RADIOGRAPHY
SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८०/०८१ को लागि निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।
MTI का विशेषताहरू
● उत्कृष्ट एवं अनभवी प्राध्यापकहरूद्वारा अध्यापन गराईने
● उत्कृष्ट पूर्वाधार प्राप्त - OJT को व्यवस्था
● स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
● विद्यार्थीहरूलाई प्रोजेक्टरको माध्उमबाट पठनपाठन गराईने
● उत्कृष्ठ ल्याबको सुविधा
स्वीकृत सिट संख्या
Health Assistant - ४० सिट
Lab Technician - ३० सिट
Radiography - ३० सिट
Physiotherapy - ४० सिट
फारम शुल्क रू.१५००/-
● फारम वितरण मिति: २०८०/०३/२९ गते शुक्रवार देखि
● फारम बुझाउने अन्तिम मिति: २०८०/०४/१२ गते शुक्रवार बेलुका ४:३०
मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौंडा-४, भैरव रोड, सम्पर्क : ०५७-५२१८५२

# माओवादी र नेकपा एसका जिल्ला नेताले रोजे एमाले

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/नेकपा एमाले मकवानपुरमा नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)का नेताहरु प्रवेश गरेका छन् ।



नेकपा एमाले, मकवानपुर द्वारा आयोजित ४५ औं पुष्पलाल स्मृति दिवसको अवसरमा माओवादी र नेकपा एस परित्याग गर्दै एक दर्जन जिल्लास्तरका नेताहरु प्रवेश गरेका हुन् । माओवादी केन्द्र मकवानपुरका जिल्ला सदस्यहरु दिलबहादुर दोर्जे पाखिन, गंगा भट्टराई, नेकपा एकीकृत समाजवादीका जिल्ला सचिवालय सदस्य नारायण तिमल्सिना, राजप्रकाश भण्डारी, भरत लामिछाने, राजेश्वर दाहाल, जानुका संजेल, विष्णुमाया सापकोटा, गोविन्द देवकोटा, बकैया गाउँपालिका कमिटीका सदस्य कृष्णबहादुर भोलनलगायतले एमाले रोजेको नेकपा एमाले जिल्ला कमिटी सचिव नवीन सिग्देलले जानकारी दिए ।

कार्यक्रममा दिल दोर्जे पाखिनले हिजो नौलो जनवाद, समाजवाद भन्दै कुर्सीलाई प्राथमिकता दिएको र माओवादी पार्टीमा विचलन भएकोले एमाले रोजेको बताए । माओवादीमा व्यक्तिवादी हावी भएको, जनता र मुलुकको भविष्य नरहेको आरोप पाखिनले लगाएका छन् । नेकपा एकीकृत समाजवादीका जिल्ला सचिवालय सदस्य नारायण तिमल्सिनाले पार्टी विभाजन हुनु नेतृत्वको गल्ति भएको र मुहान सफा हुनुपर्ने बताए । माओवादी केन्द्रबाट पार्टी प्रवेश गर्ने गंगा भट्टराईले गणतन्त्र आइसकेपछि माओवादी केन्द्र मुलुकलाई अगाडि बढाउन सक्छ भन्ने विश्वास हटेको बताउँदै एमालेप्रति विश्वास भएकोले रोजाईमा परेको बताए ।

कार्यक्रमका प्रमुख अतिथि नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा, केन्द्रीय संगठन विभागका प्रमुख काशिनाथ अधिकारीले नेपाली राजनीतिमा निर्णायक तथा आदर्श पार्टी निर्माण गर्ने अभियानमा रहेको बताएका छन् । नेकपा एमाले बलियो हुनु कम्युनिष्ट आन्दोलनलाई मात्र नभई मुलुककै आवश्यकता भएको दाबी उनले गरे । उनले समाजवादमा पुग्नको लागि संघीय लोतान्त्रिक गणतन्त्रको सुदृढ गर्दै राष्ट्रियता, विकास र समृद्धिको लागि मुलुकमा नेकपा एमालेको नेतृत्व विना सम्भव नहुने धारणा राखे ।

नेपाली कम्युनिष्ट आन्दोलनमा पुष्पलालको योगदानबारे चर्चा गर्दै, पार्टी स्थापना गर्नु, पार्टी निर्माणमा बैचारिक आधार खडा गर्नु र लोकतन्त्रको लागि संयुक्त जनआन्दोलनको प्रस्ताव महत्वपूर्ण रहेको नेता अधिकारीले बताउँदै संयुक्त जनआन्दोलनको प्रस्तावलाई नेपाली कांग्रेसले नटेर्दा मुलुकमा २०१७ सालको निरंकुश शासन आएको बताए । पुष्पलालको प्रस्ताव स्वीकार्दा २०४६ र २०६२/०६३ सालको जनआन्दोलन सफल भएर लोकतन्त्र र गणतन्त्र ल्याउन सफल भएको अधिकारीले बताए । कार्यक्रममा पोलिटब्यूरो सदस्य तथा मकवानपुर इन्चार्ज देवी ज्ञवालीले दु:ख, कष्ट र संकटमा जो टिक्न सक्छ त्यही नेता हुने पुष्पलालबाट सिक्नुपर्ने बताए । मकवानपुर जिल्लालाई नेकपा एमाले बलियो पार्टी बनाउने र पहिलो बन्ने दावीसमेत गरे ।

कार्यक्रममा केन्द्रीय सदस्य रामेश्वर रानाले पुष्पलालले युवा अवस्थामा विचार, संगठन र संघर्ष कम्युनिष्ट आन्दोलनमा विशेष योगदान रहेको चर्चा गरेका छन् । उनले क्रान्तिको शत्रु र मित्र छुट्याएर सही वर्ग विश्लेषण गर्नुभएको भन्दै आजको एमाले पुष्पलालको विरासत भएको रानाको भनाई छ । पार्टी जिल्ला अध्यक्ष एकालाल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्यहरु रामेश्वर राना, कृष्णप्रसाद दाहाल, केन्द्रीय निर्वाचन कमिटीका सदस्य अनन्त पौडेल लगायतले मन्तव्य राखेका थिए ।

# उपमहानगरले डेङ्गु नियन्त्रण गर्ने अभियान संचालन गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ डेङ्गुको उच्चजोखिममा रहेको हेटौंडा उपमहानगरपालिका क्षेत्रमा सङ्क्रमण रोक्न पूर्वतयारी थालिएको छ । हेटौंडा उपमहानगरले कार्यपालिका बैठकमै छलफल गरेर डेङ्गु नियन्त्रणको अभियान सुरु गर्न लागेको हो ।

उपमहानगरपालिकाले स्वास्थ्य साखामार्फत यसको अभियान सुरु गर्न लागेको हो । बर्षायाम सुरु भएकाले डेङ्गुको जोखिम बढ्दै गएपछि यसको नियन्त्रणका लागि अभियान सुरु गर्न लागिएको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले बताएका छन् । हेटौंडामा डेङ्गुको जोखिम उच्च रहेकाले नियन्त्रणका लागि पूर्वतयारीका साथ कार्ययोजना तयार पारेर कार्यपालिका बैठकमा छलफल भएको र अब काम सुरु गरिने प्रबक्ता न्यौपानेले बताए ।

लामखुट्टे बसोबास गर्न सक्ने ठाउँ, सवारीसाधन मर्मत गर्ने ठाउँ, पानी जम्ने ठाउँ, उद्योग, कलकारखानालगायतमा नियमित सर सफाइ गर्ने तथा पानी जम्न नदिन अभियान सञ्चालन गरिने भएको हो । रोगको संक्रमण बढ्न नदिने रणनीति उपमहानगरले अपनाउन खोजेको बताइएको छ । यसका लागि सबै वडामा रहेका टोल विकास संस्थाहरुलाई क्रियाशील गराइने भएको छ ।

बिगतका वर्षहरुमा पनि डेङ्गुका कारण धेरै बिरामी परेको र यसवर्ष पनि डेङ्गुका विरामी हेटौंडा अस्पतालमा देखापर्न थालेका छन् । त्यसैले यसको नियन्त्रणका लागि अभियान नै सुरु गरिने भएको हो । लामखुट्टेको बासस्थानको 'खोज र नष्ट गर' राष्ट्रिय अभियान सञ्चालन गर्ने, उपमहानगरपालिकाको स्वास्थ्य प्राविधिक, उपलब्ध आपूर्ति व्यवस्था मिलाउने, स्थानीय तहका स्वास्थ्यशाखा, विद्यालय र स्थानीय स्वास्थ्यसंस्थालाई डेङ्गुविरुद्धको प्रतिकार्य सञ्चालन गर्न आग्रह गरिएको छ ।

# पारिश्रमिकबाट सुत्केरीलाई पोषण सामग्री

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/पूर्वी मकवानपुरको बागमती गाउँपालिका-८ भित्र सुत्केरी हुने महिलालाई पोषण सामग्री उपलब्ध गराइएको छ ।

बागमती शान्तिपुर चार पट गाउँकी ३० बर्षीया माइलीमाया लोप्चनलाई शनिवार बिहान पोषण सामग्री उपलब्ध गराइएको हो । उनी साउन ३ गते बेतिनी स्वास्थ्यचौकी फापरवारीमा सुत्केरी भएकी थिइन् । उनलाई चार हजार बराबरको लोकल कुखुरा, तोरीको तेल, जिरा, धनिया, ज्वानु, मेथी, आयोनुन, मसला, सावुन वडाअध्यक्ष इन्द्रमणि तिमल्सिना (केशव) ले घरमै पुगेर हस्तान्तरण गरेका थिए । जनप्रतिनिधिले आफ्नै खर्चबाट घरमै आएर पोषण सामग्री दिएकोमा सुत्केरीका परिवार खुसी भए । यस्ता कार्यक्रमले आमा, नवजात शिशुको पोषण सुधार हुने भएकाले यो कार्यको प्रशंसा गरे । तिमल्सिनाले भत्तावापत प्राप्त हुने रकमले वडाभित्र सुत्केरी हुने महिलालाई साउन १ गतेदेखि सुत्केरी पोषण सामग्री उपलब्ध गराउन कार्यविधि बनाएरै काम सुरु गरेका थिए ।

सुत्केरी महिलाको पोषणमा सुधार ल्याउने उद्देश्यले मैले मेरो व्यक्तिगत खर्चबाट सुत्केरी पोषण सामग्री उपलब्ध गराउने निर्णय गरेको हुँ, वडाअध्यक्ष तिमल्सिनाले भने । उनले सुत्केरी भएको १५ दिनभित्र सम्बन्धित परिवारको सदस्यले वडा कार्यालयमा उपस्थित भएर जानकारी गराउनुपर्ने, स्वास्थ्य संस्थामा सुत्केरी गराएको प्रमाणपत्र (वर्थ सर्टिफिकेट) र बच्चाको जन्मदर्ता गराएको प्रमाणपत्र पेश गर्नुपर्ने बताए । गत बर्ष ८ नं. वडामा ६० जना सुत्केरी भएको वडाअध्यक्ष तिमल्सिनाले बताए ।

# जिल्ला प्रहरीबाट बामदेवको औपचारिक बिदाई

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ मकवानपुरका प्रहरीप्रमुख प्रहरीउपरीक्षक बामदेव गौतमको जिल्ला प्रहरीबाट औपचारिक विदाई गरिएको छ ।

आइतबार जिल्ला प्रहरी कार्यालय मकवानपुरमा औपचारिक कार्यक्रम गरी प्रहरीप्रमुख बामदेवको विदाई गरिएको हो । गौतमलाई जिल्ला प्रहरीको पदीय जिम्मेवारीबाट मात्र नभई प्रहरी सेवाबाटै विदाई गरिएको हो । गौतम आज ८ साउन सोमबारदेखि उमेर हदको आधारमा सेवानिवृत्त हुँदैछन् । उनी यसअघि प्रहरीनायवउपरीक्षक (डिएसपी) भई मकवानपुरमा काम गरिसकेका गौतम १ वर्षअघि प्रहरीप्रमुख भएर यहाँ आएका थिए ।

प्रहरीनायवउपरीक्षक टेकबहादुर कार्कीले गौतमलाई मायाको चिनो प्रदान गर्दै औपचारिक विदाई गरेका हुन् । एसपी गौतमले संगठनमा लामो समय कार्यरत र हँदाको आफ्नो अनुभव प्रहरी कर्मचारीसँग आदानप्रदानसमेत गरेका थिए । डिएसपी कार्कीले आगामी नागरिक जीवन सुखद रहोस भन्दै शुभकामना व्यक्त गरे । गौतमको विदाई कार्यक्रममा सिनियर प्रहरी अधिकृतहरु, मातहत युनिट ईन्चार्ज लगायत कार्यरत अन्य प्रहरी कर्मचारीको सहभागिता रहेको थियो ।

# अवैध मदिरासहित तीन भारतीय पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ७ साउन/ मकवानपुर प्रहरीले हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट अवैध मदिरासहित तीन जनालाई पक्राउ गरेको छ ।

चालक भारत बिहार मुजाफरपुर रामनगर ग्राम बस्ने वर्ष ३५ का चन्दन साह, भारत बिहार सीतामढी बस्ने वर्ष २४ का सुनिल कुमार र भारत बिहार सीतामढी मेसोले ग्राम बस्ने वर्ष ४० का रतन साह पक्राउ परेका हुन् । भैरहवा बुटवल हुँदै भारत सीतामढीतर्फ जाँदै गरेको डिएल ८ सिएएफ ५८३७ नम्बरको तीनजना सवार इण्डियन कारलाई जाँच गर्ने क्रममा कारबाट अवैध रुपमा भन्सार छली ल्याएको ३ सय ७८ बोतल मदिरा बरामद गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । मदिरा सहित तीनैजनालाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।


## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

तपाई र तपाईको बालबालिकाको सपना पूरा हुने एक मात्र ठाउँ हाम्रो हेटौंडामा दक्ष, अनुभवी एवम् ख्याति प्राप्त Selected शिक्षकहरुको समूहद्वारा सञ्चालित शहरको गौरव Bhutandevi Secondary School (Technical School) मा शैक्षिक सत्र २०८०/०८१ का लागि विशेष Scholarship मा Science, Management (English/Nepali Medium), 3 years Diploma in Civil Engineering And Civil Engineering (9-12) मा धमाधम भर्ना र कक्षा सञ्चालन भइरहेको छ । तसर्थ समयमै सम्पर्क गरी मौकाको फाइदा उठाउनुहोस् ।

*** हाम्रा विशेषताहरु :**

- शैक्षिक सत्र २०७८/०७९ मा Civil Engineering धारतर्फ कक्षा १२ मा नेपाल प्रथम हुन सफल ।
- दक्ष तथा अनुभवी शिक्षकद्वारा अध्यापन गराईने ।
- अत्याधुनिक Computer/Science & Civil Engineering Lab को व्यवस्था भएको ।
- Multimedia को प्रयोग गरी कक्षा सञ्चालन गरिने ।
- उपयुक्त भौतिक पूर्वाधारसहितको प्रविधिमैत्री कक्षाकोठा तथा पर्याप्त खेल मैदान भएको
- विद्यार्थीहरुको नियमित मूल्यांकन, Motivational & Counseling को व्यवस्था ।
- 'सबैको लागि शिक्षा नि:शुल्क शिक्षा' को मर्मअनुसार विशेष Scholarship को व्यवस्था गरिएको ।
- समय समयमा विषयगतरुपमा क्षेत्रगत भ्रमण एवम् शैक्षिक अध्ययन अवलोकन भ्रमणसमेत गर्ने गरेको ।

| | |
|---|---|
| GPA-3.6 to 4 | Full Scholarship. |
| GPA-3.2 to 3.6 | Admission free plus 50% discount in monthly fee. |
| GPA-2.4 to 3.2 | 50% Discount in monthly fee. |
| GPA-1.6 to 2.4 | 25% Discount in monthly fee. |

**Bhutandevi Secondary School** (Technical School)

**सम्पर्कका लागि** : ०५७-५२०४२०, ९८६२१४५७५६, ९८४५६१८१७१, ९८४१८८२४१३, ९८५५०४१०६१, ९८४५२८६ ८३०, ९८५५०७१६०७



## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२


## नि:शूल्क सीप सिकौं आत्मनिर्भर बनौं

**बागमती प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र**
**हेटौंडा, नेपाल**

फोन नं. ०५७-४१२७१६, ०५७-४१२७२४

## सीप विकास तालिम सञ्चालनको लागि दरखास्त आह्वान सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मिति २०८०/०४/०७ गते)

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडा, नेपालद्वारा यस आ.व. २०८०/०८१ को २०८० साउन महिना देखि संचालन गरिने देहाय अनुसार का सीप विकास तालिमहरु संचालन गर्न/गराउन ईच्छुक स्थानीय तह/निकाय, गैर नाफामुलक, गैरसरकारी सामुदायिक संघ सस्थाहरुले प्रस्ताव फाराम र व्यक्तिगत आवेदकहरुले आवेदन फारम भरी बुझाउन यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस केन्द्रमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । प्रशिक्षार्थीहरुवाट तालिम वापत कुनै शुल्क लिइने छैन र तालिम संचालनको लागी तालिम सामाग्री, मेसिनरी औजार उपकरण, खाजा खर्च तथा प्रशिक्षक वाहेक थप सुविधा दिइने छैन ।

**१. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडा- ८ कमानेमा संचालन हुने तालिमहरू:**

| सि.नं | तालिमको विषय | तालिमको अवधि | संख्या | न्यूनतम शैक्षिक योग्यता | तालिम संचालन हुने स्थान | अन्तरवार्ता मिति | आवेदन फाराम पाईने स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | कम्प्युटर सफ्टवेयर | ६ महिने/७३० कार्य घण्टा | २० | SLC/SEE उत्तीर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२२ गते विहान ११ बजे देखि | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडा, नेपालमा पाइने वा यस केन्द्रको वेब साईट (www.vsdtchetauda.bagamati.gov.np) बाट फर्म डाउनलोड गर्न सकिने छ । |
| २. | जनरल मेकानिक्स | ६ महिने/७३० कार्य घण्टा | १० | ८ कक्षा उत्तीर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२२ गते विहान ११ बजे देखि | |
| ३. | केश श्रृगांर तथा सौन्दर्य वेसिक | ३ महिने/३९० कार्य घण्टा | ४० | ८ कक्षा उत्तीर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२५ गते विहान ११ बजे देखि | |
| ४. | सिलाई कटाई वेसिक | ३ महिने/३९० कार्य घण्टा | २० | ८ कक्षा उत्तीर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२६ गते विहान ११ बजे देखि | |
| ५. | विद्युत जडान | ३ महिने/३९० कार्य घण्टा | १५ | ८ कक्षा उत्तीर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२८ गते विहान ११ बजे देखि | |
| ६. | प्लम्विङ्ग | ३ महिने/३९० कार्य घण्टा | १५ | ८ कक्षा उत्तीर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२९ गते विहान ११ बजे देखि | |
| ७. | इलेक्ट्रोनिक्स मर्मत | ३ महिने/३९० कार्य घण्टा | १५ | १० कक्षा उत्तीर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२९ गते विहान ११ बजे देखि | |

**तालिम लिन ईच्छुक उम्मेदवारहरुले पालना गर्नुपर्ने शर्तहरू:**

१. प्रशिक्षार्थी आवेदन फाराममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो टांसी नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि राखी २०८०/०४/२१ गते (सो दिन बिदा परेमा भोलिपल्ट) सम्म केन्द्रमा पेश गर्नुपर्नेछ वा यस केन्द्रको ईमेल (vsdtchetauda@bagamati.gov.np) मा पठाउनु पर्नेछ । तालिमको अन्तर्वार्ताका लागी तोकिएको मितिमा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडा- ८ कमाने मकवानपुरमा आफ्नो सक्कल कागजात सहित उपस्थित हुनुपर्ने छ ।
२. तालिममा छनौट भएका उम्मेदवारहरुको तालिम संचालन मिति नतिजा प्रकाशनको दिन तोकिने छ ।
३. तालिममा गरिब, विपन्न, दलित महिला, पिछडिएको वर्ग समुदाय, अपाङ्ग, जनआन्दोलनमा घाईते शहिद परिवार तथा एकल महिलालाई प्राथमिकता दिईनेछ ।
४. तालिम लिन ईच्छुक उम्मेदवारहरु शारिरीक र मानसिक रुपमा स्वास्थ्य र उमेर १६ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्नेछ । प्रशिक्षार्थीको छनौट अन्तर्वाताबाट गरिनेछ । एक समुहमा औसत १५-२५ जना प्रशिक्षार्थीहरुलाई सहभागी गराईनेछ ।

**२. स्थानीय तह/निकाय, गैर नाफामुलक, गैरसरकारी सामुदायिक संघ सस्थाहरू संगको सहकार्यमा संचालन गरिने तालिमहरू:**

| सि.नं | तालिमको विषय | तालिमको अवधि | संख्या | न्यूनतम शैक्षिक योग्यता | प्रस्ताव फाराम पाईने स्थान |
|---|---|---|---|---|---|
| १. | केश श्रृगांर तथा सौन्दर्य वेसिक | ३ महिने/३९० कार्य घण्टा | २० | ८ कक्षा उतिर्ण | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडा, नेपाल । |
| २. | वेत बाँस हस्तकला | ३ महिने/३९० कार्य घण्टा | १५ | ८ कक्षा उतिर्ण | |

**तालिम सञ्चालन गर्न ईच्छुक निकाय वा संघसस्थाहरुले पालना गर्नुपर्ने शर्तहरू:**

१. संघ संस्थाहरुले दर्ता प्रमाण पत्र, अध्यावधिक नविकरणको प्रमाण, समाज कल्याण परिषदमा आवद्धताको प्रमाण, पान नं./मु.अ.क.दर्ता, स्वीकृत विधानको प्रतिलिपि संलग्न राखी संस्थाको आधिकारिक पदाधिकारीबाट लिखित अनुरोध पत्र सहित तोकिएको प्रस्ताव फाराम शुल्क रु.२००।- तिरी यस व्यावसायिक तथा सीप किास तालिम केन्द्र, हेटौडाबाट प्राप्त गर्न सकिने छ ।सो प्रस्ताव फारम मिति २०८०/०४/२१ गते सम्म (सो दिन विदा परेमा भोलिपल्ट) कार्यालय समय भित्र प्रस्ताव फाराम बुझाई सक्नु पर्ने छ । आवश्यक कागजातको प्रतिलिपी बेगर प्रस्ताव फाराम खरिद गर्न र बुझाउन पाइने छैन ।
२. तालिम सञ्चालन गर्न योग्य भई छनौट भएका संघसस्थामा हेटौंडा तालिम केन्द्रबाट तालिम समापन भएपछि फिर्ता हुने गरी तालिम सामग्री, तालिम उपकरण र सम्बन्धित विषयको प्रशिक्षक पठाइने छ । तालिम सञ्चालनका लागि आवश्यक थप व्यवस्थापन एवं तालिम कक्ष लगायतका सुविधा संघसस्थाहरुले नै नि:शूल्क उपलब्ध गराउनुपर्नेछ । प्रशिक्षार्थीहरु संग कुनै शुल्क लिन पाइने छैन ।
३. तालिम केन्द्र र छनौट भएका तालिम प्रदायक संघसस्थाहरुमा सञ्चालन हुने तालिमहरु ३ महिने/३९० कार्य घण्टा र ६ महिने/७३० कार्य घण्टा तालिमको हकमा दैनिक औसत ५-६ घण्टा तालिम सञ्चालन गर्नुपर्नेछ ।

**देवराज चौलागाई**
**केन्द्र प्रमुख**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना